वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक १९९ | २०८२ मंसिर १५ गते सोमबार, नेपाल सम्वत् ११४६ December 01, 2025 | पृष्ठ ४ | मूल्य : रू. ५/-






**खोलापुलमा ग्रिडर लन्चिङ** : पृथ्वी राजमार्गको मुग्लिन-पोखरा सडक खण्डको पोखरा क्षेत्रमा पर्ने विजयपुर खोलामा निर्माणाधीन पुलमा दुईवटा क्रेनको सहायताले पुलमा ग्रिडर लन्चिङ गरी दुईवटा निदाल राख्दै । हालसम्म १५ वटा ग्रिडर लन्चिङ गर्ने कार्य सम्पन्न भएको छ।

*तस्बिर : हरिप्रसाद बास्तोला/रासस*

# पृथ्वीराजमार्गको पश्चिम खण्डमा एघार पुल निर्माण

**भञ्ज्याङ समाचारदाता**/दमौली

पृथ्वी राजमार्गअन्तर्गत पोखरा-मुग्लिन ३८ किलोमिटर सडकको पश्चिम (पोखरा-जामुने) खण्डमा १२ मध्ये ११ वटा पुल निर्माण भएका छन् ।

सडक आयोजना कार्यालयका अनुसार म्याग्दे खोला, कुम्ले खोला, ठाडे खोला, सम्धी खोला, मूलखोला, फेदीखोला-१, फेदी खोला-२, रूदी खोला, हलेदी खोला, काली खोला र कास्कीको कोत्रे खोलामा पुल निर्माण भएका हुन्। उक्त खण्डमा १०५ वटा कल्भर्ट पनि निर्माण भएका छन् ।

हालसम्म उक्त सडकको भौतिक प्रगति ५९.८९ र वित्तीय प्रगति ४७.८० प्रतिशत भएको छ । करिब ३० किलोमिटर दुईतर्फी (चार लेन) र आठ किलोमिटर एकतर्फी (दुई लेन) कालोपत्र भएको छ । पूर्वी खण्ड (जामुने-मुग्लिन) को ४३ किलोमिटर सडक निर्माण भने अन्तिम चरणमा पुगेको छ ।

# विश्व एड्स दिवस: एचआइभी रोकथामका लागि रूपान्तरणकारी रणनीति

**झविन्द्र भण्डारी**/काठमाडौं

प्रत्येक वर्ष डिसेम्बर १ मा विश्व एड्स दिवस मनाइन्छ । यो दिवसले एचआइभी/एड्सका बारेमा जनचेतना बढाउने मात्र होइन, धेरै प्रभावित व्यक्ति, परिवार र समुदायहरूलाई कसरी रोकथाम, उपचार र सहयोग सुनिश्चित गर्ने भन्ने महत्वपूर्ण सवालमा सरोकारवालाहरूको ध्यानाकर्षण पनि गर्छ। एड्सबाट मृत्यु भएका व्यक्तिहरूको सम्झना गर्ने दिन पनि हो। यो वर्षको नाराले संक्रमितको आवाजलाई सम्बोधन गर्दै एड्सको रोकथामका प्रयासलाई रूपान्तरण गर्ने अभियानलाई विशेष जोड दिएको छ ।

एचआइभीको प्रकोप अझै सकिएको छैन । धेरै व्यक्ति, परिवार र समुदायहरू अझै पनि एचआइभी संक्रमणको जोखिममा छन्। युएनएड्सको प्रतिवेदन अनुसार सन् २०२४ को अन्त्यसम्म करिब नौ मिलियन एचआइभी संक्रमितहरूले उपचार पाएका छैनन् । सन् २०२४ मा १.३ मिलियन व्यक्तिहरु सङ्क्रमित भएका थिए। राष्ट्रिय एड्स, तथा यौनरोग केन्द्रका अनुसार २०२४ को अन्त्य ३४ हजार ३३७ जना एचआइभी संक्रमित भएको अनुमान रहेको छ, जसमध्ये ७७ प्रतिशतले उपचार पाएका छन् । देशका ६४ जिल्लामा ९६ एआरटी केन्द्रबाट एन्टी रेट्रोभाइरल उपचार निःशुल्क उपलब्ध छ । सन् २०२४ मा मात्रै ५६९ व्यक्तिको एड्सका कारणले मृत्यु भएको अनुमान छ। यो सन् २०१० को तुलनामा ८६ प्रतिशतले घटेको हो ।




**समन्वयात्मक प्रयासको खाँचो**

नेपालको एचआइभी अवस्था केन्द्रीकृत महामारी हो । उच्च जोखिममा रहेका समूहहरु जस्तै लागुपदार्थको प्रयोग गर्ने यौनकर्मी, पुरूष समलिङ्गी, तथा तेस्रोलिङ्गी यौनकर्मीमा एचआइभी संक्रमण बढी छ । अहिलेसम्मको तथ्याङ्क हेर्दा लागुपदार्थ प्रयोग गर्नेमा ३ प्रतिशत, महिला यौनकर्मीमा २.२ प्रतिशत पुरूष समलिङ्गीमा ६.२ प्रतिशत, भारतमा काम गर्न जाने नेपाली कामदारमा ०.२ प्रतिशत रहेको छ।

सरकारले सन् २०३० मा एड्सको महामारीलाई अन्त्य गर्ने महत्वाकाङ्क्षी लक्ष्य लिएको छ । अन्य मुलुकहरूमा जस्तै: नेपालले पनि एचआइभी नियन्त्रणका लागि महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । यसका लागि नीति, रणनीति र निर्देशिकाहरूको कार्यान्वयनले पनि यी उपलब्धिहरु हासिल भएका हुन् तर यी उपलब्धिलाई निरन्तरता दिन नेपालले पनि दिगो मार्गचित्रको संरचनात्मक खाका तयार गर्नुपर्ने देखिन्छ तर यसका लागि अझै पनि समन्वयात्मक प्रयास भएको छैन ।

अतिकम विकसित देशमा एचआइभी रेस्पोन्स अझै पनि जोखिममा छ किनकी उच्च जोखिममा परेका समूहहरूमा रोकथाम, परीक्षण, उपचार र आधारभूत स्वास्थ्य सेवाहरू पर्याप्त छैनन् । समुदायकै नेतृत्वमा सञ्चालित एचआइभी सेवा पनि अन्तर्राष्ट्रिय रूपमै बजेट कटौतीका कारण रोकिने अवस्थामा छन् । यसले गर्दा स्वास्थ्य सेवामा पहुँच, मानवअधिकार, लैङ्गिक समानता,

बाँकी अन्तिम पेजमा

# एमाले महाधिवेशन प्रतिनिधि चयन : तनहुँ-१ मा मतगणना विवादित

## ‘उम्मेदवारको राय, सुझाव अनुसार निकास निकाल्ने प्रयास’

**भञ्ज्याङ समाचारदाता**/दमौली

नेकपा एमालेको ११औं राष्ट्रिय महाधिवेशन प्रतिनिधि चयनका क्रममा तनहुँ क्षेत्र नम्बर १ मा मतगणनामा आपत्कालीन स्थिति सिर्जना भएपछि निर्वाचन प्रक्रिया अनिश्चितकालका लागि रोकिएको छ। शनिबार साँझदेखि आइतबार मध्यरातसम्म उत्पन्न विवाद, कुटपिट र मतपेटिका गायब भएपछि निर्वाचन अधिकृतले अर्को सूचना नआएसम्म मतगणना स्थगित गर्ने निर्णय गरेका हुन् ।

**बन्दीपुर गाउँपालिकाको मतगणनाबाट सुरू विवाद**

क्षेत्र नं. १ अन्तर्गतका भानु नगरपालिका, आँबुखैरेनी, देवघाट, बन्दीपुर र व्यास नगरपालिकामा खसेका १ हजार १६६ मत गणनाको क्रममा बन्दीपुर गाउँपालिकामा अनियमितता भएको भन्दै विवाद सुरू भएको थियो । २५७ मत दर्ता रहेकामा २४२ मत खसेको र गणनाको पहिलो लटमा घनश्याम देवानले १०० मध्ये ९८ मत पाउँदा विवाद चुलिएको थियो। महिला तर्फ फुलमती थापाले पनि १०० मध्ये ९९ मत पाएकी थिइन्।

विपक्षी समूहले "सतप्रतिशत मत आउनै नसक्ने" दाबी गर्दै मृत मतदाता समेतको नाममा मतदान भएको आरोप लगाएपछि गणनास्थलमा वातावरण तनावपूर्ण बनेको बताइएको छ । प्रमुख निर्वाचन अधिकृत शिवदत्त ढकालले तत्कालका लागि




बन्दीपुरको मतगणना स्थगित गर्दै सूचना जारी गरेका थिए।

**अन्य तीन पालिकाको मतगणना शान्तिपूर्वक**

यस्तै, देवघाट, आँबुखैरेनी र भानु नगरपालिकाको मतगणना भने तुलनात्मक रूपमा शान्तिपूर्वक सम्पन्न भएको थियो । देवघाटबाट खुल्लातर्फ हरिराज कँडेल ८८, पूर्णबहादुर गुरूङ ७३, घनश्याम श्रेष्ठ २६, प्रेमकुमार राना १८, श्रीराम कार्की १४ र रामबहादुर गुरूङ १३ मत प्राप्त गरेका थिए। महिला र युवा समूहबाट पनि प्रतिस्पर्धीले अपेक्षाकृत सामान्य मत ल्याएका थिए ।

आँबुखैरेनी र भानु नगरपालिकाको नतिजाले भने आकस्मिक रूपमा मतभार केही उम्मेदवारतर्फ केन्द्रित भएको देखिए पनि ती क्षेत्रका परिणामलाई समूहहरूले स्वीकारेका थिए।

**मध्यरात कुटपिट र मतपेटिका गायब**

बन्दीपुरको गणना रोकिएपछि व्यास नगरपालिकाको गणना बिहानसम्म स्थगित राखिएको थियो। तर, मध्यरात करिब १:३० बजे जिल्ला पार्टी कार्यालयमा कुटपिट भएको बताइएको छ । जिल्ला अध्यक्ष हरिराज कँडेल र मतगणक कर्मचारी सुनिल पाण्डेमाथि हातपात गर्दै विवादित भनिएको बन्दीपुरको मतपेटिका लिएर पूर्णबहादुर गुरूङ नेतृत्वको समूह फरार भएको आरोप पार्टी अध्यक्ष कँडेलले लगाए ।

कँडेलले भने, "मतगणना रोकिएपछि भोलि कसरी अघि बढ्ने भन्ने छलफल गरिरहेका थियौं । यिनै क्रममा समूह आएर धकेलाधकेल र कुटपिट गर्दै मतपेटिका लिएर गए ।" उनले मतपेटिका अहिले कहाँ छ भन्नेबारे कुनै जानकारी नभएको बताए ।

तर, पूर्णबहादुर गुरूङ समूहका नेताहरूले भने आफूहरूले धाँधली रोक्न मात्रै कार्यालय पुगेको र सामान्य भनाभनबाहेक कुटपिट नभएको दाबी गरेका छन्। उनीहरूको आरोप छ- "मतगणना स्थगित भए पनि नेताहरु विवादित मतपेटिका भएको कोठामा बसेर केही गर्न लागेका थिए ।"

**पीएस-खगराज शक्ति द्वन्द्वको छायाँ**

तनहुँमा एघिल्ला दिनदेखि नै उपमहासचिव पृथ्वीसुब्बा गुरूङ

बाँकी तेश्रो पेजमा

# सम्पादकीय ............

www.bhanjyangnews.com

## एचआइभी रोकथामका लागि रूपान्तरणकारी रणनीति

प्रत्येक वर्षझैँ यसपटक पनि डिसेम्बर १ लाई विश्व एड्स दिवसका रूपमा मनाइदै छ। तीन दशकभन्दा लामो समयदेखि निरन्तर रूपमा यस दिवसले एउटा महत्वपूर्ण सन्देश दिँदै आएको छ- एचआइभी/एड्स केवल स्वास्थ्यको विषय मात्र होइन, मानवअधिकार, सामाजिक न्याय, समानता र दिगो विकाससँग जोडिएको जटिल बहुआयामिक चुनौती हो। एड्सबाट ज्यान गुमाएका लाखौँ व्यक्तिको सम्झना र सम्मानका साथ यो दिवसले जीवित समुदाय, जोखिममा रहेका समूह तथा नीति निर्माण तहलाई अझ गहिरो प्रतिबद्धता लिइ आफ्नो दायित्व निर्वाह गर्न आह्वान गर्छ। यस वर्षको नाराले संक्रमित, प्रभावित र जोखिममा रहेका समुदायको आवाजलाई केन्द्रमा राख्दै रोकथामका प्रयासलाई 'रूपान्तरणकारी' बनाउने जोड दिएको छ। विश्वका धेरै देशमा एचआइभी प्रकोप घटिरहेको भए पनि महामारी अझै पनि समाप्त भएको छैन। युएनएड्सका अनुसार सन् २०२४ सम्म करिब नौ मिलियन संक्रमितले उपचार पाउन सकेका छैनन् । गत वर्ष मात्र करिब १.३ मिलियन मानिस नयाँ संक्रमित बनेका छन्। नेपालमा पनि सन् २०२४ पर्यन्त ३४ हजार ३३७ जना एचआइभी संक्रमित भएको अनुमान छ, जसमा ७७ प्रतिशतले उपचार पाएका छन्। देशभरका ६४ जिल्लामा रहेको ९६ एआरटी केन्द्रमार्फत निःशुल्क उपचार उपलब्ध भए पनि यो संख्या अझ विस्तार आवश्यक रहेको छ। यद्यपि एड्सका कारण हुने मृत्यु सन् २०१० को तुलनामा ८६ प्रतिशतले घट्नु उत्साहजनक प्रगति हो। तर यति उपलब्धिमा मात्रै सीमित भएर बस्न मिल्दैन। नेपालको एचआइभी अवस्था मुख्यतः केन्द्रीकृत महामारीका रूपमा देखिन्छ- लागुपदार्थ प्रयोग गर्ने, महिला तथा पुरूष यौनकर्मी, समलिङ्गी तथा तेस्रोलिङ्गी समुदायमा संक्रमण दर अझै उच्च छ। भारतमा काम गर्न जाने नेपाली कामदारहरूमा पनि जोखिम क्रमशः देखापर्छ। यस्तो संवेदनशील परिदृश्यमा रोकथाम, परीक्षण, उपचार र मनोसामाजिक सहयोगलाई समन्वयित, दिगो र समुदायमैत्री बनाउनुपर्ने आवश्यकता यथेष्ट छ।

सन् २०३० भित्र एड्सको महामारी अन्त्य गर्ने राष्ट्रिय लक्ष्य महत्त्वाकाङ्क्षी मात्रै होइन, चुनौतीपूर्ण पनि हो। पछिल्ला वर्षमा नीति, रणनीति, निर्देशिका र दातृ निकायको सहयोगले महत्वपूर्ण उपलब्धि हासिल भएको स्वीकार गर्नैपर्छ। तर ती उपलब्धिलाई सम्हालेर दीगो प्रगतिमा रूपान्तरण गर्न अझै पनि राज्य, नागरिक समाज, स्थानीय तह र अन्तर्राष्ट्रिय साझेदारबीच स्पष्ट र समन्वित कार्ययोजना आवश्यक छ। विशेष गरी उच्च जोखिममा परेका समूहमा सेवा विस्तार, पहुँच वृद्धि र सामाजिक कलंक अन्त्य गर्ने अभियानमा नीति स्तरकै प्रतिबद्धता अपरिहार्य छ। धेरै कम विकसित तथा संक्रमणग्रस्त देशमा देखिएजस्तै नेपालमा पनि एचआइभी सेवाको दिगोपनमा चुनौती बढ्दै गएको छ। दातृ संस्थामै बजेट कटौती भइरहेका बेला एचआइभी कार्यक्रम बाह्य स्रोतप्रति अत्यधिक निर्भर रहँदा उपचार सेवा, रोकथाम कार्यक्रम र सामुदायिक पहलमा प्रत्यक्ष असर परेको छ। बाह्य स्रोतमा आधारित संरचनाले अचानक वित्तीय कटौतिपछि कार्यक्रम नै जोखिममा पर्ने अवस्था देखाउँछ- यो नेपालका लागि दीगो समाधान होइन। त्यसैले राज्यले आन्तरिक स्रोत परिचालन बढाउँदै एचआइभी सेवा राष्ट्रिय प्राथमिकता भएको स्पष्ट सन्देश दिनुपर्ने समय आएको छ।


यसका साथै शिक्षा, श्रम, शहरी विकास, महिला तथा बालबालिका, सामाजिक सुरक्षा जस्ता क्षेत्रसँग जोडिएको बहुक्षेत्रीय समन्वय अझै कमजोर छ। एचआइभी रोकथाम स्वास्थ्य मन्त्रालयकै कार्यसूचीमा सीमित हुँदा वास्तविक प्रभाव पर्ने अन्य सामाजिक-आर्थिक क्षेत्र समेटिन सकेका छैनन्। थाइल्याण्ड, कम्बोडिया जस्ता देशले बहुक्षेत्रीय समन्वय र समुदाय-नेतृत्वको मोडेलमार्फत प्रभावकारी सेवा विस्तार गरेका उदाहरण नेपालले तत्काल सिक्नुपर्ने छ । परीक्षण र उपचारका नयाँ प्रविधि, 'प्रि-एक्सपोजर प्रोफिल्याक्सिस' जस्ता रोकथामका आधुनिक अभ्यासलाई पनि नेपालमा व्यवस्थित रूपमा कार्यान्वयन गर्ने समय आइसकेको छ। तर पर्याप्त प्राविधिक जनशक्ति, तालिम र स्थानीय तहको क्षमता विकास नभएकाले ती मोडेल अपेक्षाअनुरूप विस्तार हुन सकेका छैनन् । ग्रामीण तथा दुर्गम क्षेत्रमा संक्रमित व्यक्तिले पाउनुपर्ने परामर्श, परीक्षण र उपचार सेवामा असमानता अझै स्निग्ध रूपमा देखिन्छ। कतिपय स्वास्थ्य संस्थामा प्रशिक्षित स्वास्थ्यकर्मी, औषधि वा प्रयोगशाला सुविधा नहुनुले संक्रमण लुकिने, उपचार छुट्ने र अपर्याप्त परामर्शका कारण मनोसामाजिक समस्या बढ्ने जोखिम छ। एचआइभी सेवा केवल औषधि वितरणमा सीमित नभई व्यापक मानवअधिकार र सामाजिक सुरक्षासँग जोडिएको विषय भएकाले राज्य संरचना नै जन-केन्द्रित रूपमा बलियो हुनु आवश्यक छ ।

नेपालले अगाडि बढ्न चाहेको 'रूपान्तरणकारी एचआइभी रेस्पोन्स' को केन्द्रमा समुदायको सार्थक सहभागिता हुनुपर्छ। जोखिममा परेका समूहहरूलाई कलंक रहित वातावरण, सुरक्षित जीवनशैली, व्यवहार परिवर्तन तथा सूचना-सञ्चारमा सहज पहुँच उपलब्ध गराउनु नै दिगो रोकथामको पूर्वशर्त हो। उपलब्ध स्रोतको पारदर्शिता, समता आधारित वितरण र सार्वजनिक-निजी साझेदारीको प्रभावकारी परिचालनले एचआइभी सेवा अझै बलियो बन्न सक्छ। राष्ट्रिय रणनीति, प्रादेशिक योजना र स्थानीय तहको प्रतिबद्धताबीच एकै दिशा र उद्देश्य नबनेसम्म प्रगति निरन्तर रहन सक्दैन । अन्ततः, एचआइभी/एड्स जनस्वास्थ्य, मानवअधिकार र विकासको साझा विषय हो। यसको समाधानका लागि स्वास्थ्य मन्त्रालय मात्र होइन, राज्यका सबै तह, दातृ निकाय, नागरिक समाज, सञ्चार माध्यम, समुदाय र प्रत्येक नागरिकले आफन्त भूमिका निर्वाह गर्नुपर्छ। स्रोतको अभाव वा राजनीतिक उदासीनताले संक्रमित समुदाय थप जोखिममा परिरहनु विडम्बना हो। त्यसैले राज्यले बनाउने आगामी एचआइभी रणनीति समावेशी, अधिकार-केन्द्रित, वैज्ञानिक, पारदर्शी र जन-पहुँचमा केन्द्रित हुनुपर्छ। यही नमूना अपनाउन सके मात्र नेपालले २०३० सम्म एड्स महामारी अन्त्य गर्ने लक्ष्यलाई यथार्थ रूप दिन सक्षम हुनेछ।

# महिलामाथि हुने हिंसा भित्रका कुरा

प्रत्येक वर्ष २५ नोभेम्वरदेखि १० डिसेम्वरसम्म १६ दिनसम्म महिला हिंसाविरूद्ध दिवसका रूपमा मनाउने गरिन्छ । संयुक्त राष्ट्रसंघको सन् १९९९ को महासभाले नोभेम्वर २५ लाई महिला हिंसा विरूद्धको दिवसकारूपमा मनाउने निर्णय गरेको हो। नेपालमा पनि यो दिवस विभिन्न क्रियाकलाप र कार्यक्रमहरूको आयोजना गरी अन्तर्राष्ट्रिय महिला हिंसाविरूद्ध दिवस मनाइँदै छ ।

लैंगिक विभेदका कारणले महिलामाथि हुने हिंसालाई महिला हिंसा भनिन्छ । महिलामाथि शारीरिक, मानसिक र संवेगात्मक रूपमा क्षति पुऱ्याउने कुनै पनि कार्य हिंसा हो । सामान्य अर्थमा हिंसा भनेको कुट्नु, पिट्नु वा ज्यान मार्नु मात्रै होइन, बोली-व्यवहारबाट पनि कसैको भावनामाथि चोट पुऱ्याउने कार्य पनि हिंसा हो। हिंसा कुनै व्यक्ति वा समुदायमार्फत अर्को कुनै व्यक्ति वा समुदायमा हुन सक्छ । यसअन्तर्गत कुटपिट गर्नु, झगडा गर्नु, असहयोग, दबाब, चेलीबेटी वेचबिखन गर्नु, फोहोर शब्द प्रयोग गरेर गाली गर्नु कुनै पनि हुन सक्छ । लैंगिक दृष्टिकोणले हेर्दा महिलामाथि विभिन्न प्रकारका हिंसात्मक कार्यहरू भएको पाइन्छ। यस्ता हिंसामा शारीरिक र मानसिक दुवै खालका हिंसा हुने गर्दछन । बलात्कार, यौनशोषण, बालविवाह, बहुविवाह र दाइजोजस्ता कुराबाट हुने हिंसा शारीरिक हिंसा हुन भने कार्यालय र अन्य ठाउँमा हुने खालका बोली, सकेत अन्य आदिबाट गरिने दुर्व्यवहार, अपमान, भेदभाव आदि मानसिक हिंसाका रूपमा रहेका छन्। यस्ता हिंसाहरू उचित मात्रामा चेतनाको अभाव, अधिकारको अभाव तथा अन्य वातावरणले समेत बढेको देखिन्छ । खासगरी एकल महिलामाथि हुने दुर्व्यवहार र मानसिक पीडा पनि यसै अन्तर्गत पर्दछ ।




विभिन्न अध्यनहरू अनुसार संसारभरिका प्रत्येक तिन मध्ये एक महिलाले आफ्नो जीवनकालमा कुनैनकुनै प्रकारको हिंसा भोगेका हुन्छन् र धेरैजसो हिंसा भने उनिहरूका निकट, प्रेमी, विश्वासपात्र या जीवनसाथीबाट भोगेका हुन्छन् भन्ने जनाइएको छ । त्यस्तै अर्को अध्यनले संसारभरिका ३५ प्रतिशत महिलाहरूले आफ्नो जीवनकालमा कुनै न कुनै प्रकारको शारीरीक या यौनजन्य हिंसाको शिकार भएका हुन्छन् भन्ने तथ्याकले देखाउँछ । अर्कोतर्फ पुरूषहरूबाट कहिलेकाँही जानअञ्जानमा महिलाको संवेदनामा ठेस पुग्ने महिला हिंसाजन्य कार्यहरू भईरहेको हुन्छ। महिला हिंसाका क्रियाकलापहरू फराकिलो दायरा अन्तर्गत महिलाहरूको स्वीकृती बेगैर उनिहरूलाई असहज र अश्लिल कुरा सुनाउने कार्यहरू यौनजन्य हिंसाभित्र पर्दछ।

नेपालमा महिला हिंसाविरूद्ध लामो अभियान जारी छ । दर्जनौं संघसंस्था हिंसालाई न्युनिकरण गर्न लागिपरेका छन्। तैपनि समाजमा महिला हिंसाका घटना दिन प्रतिदिन बढ्दै गएका छन् । महिला अधिकारकर्मी र समाजका विभिन्न पेसाकर्मी महिला हिंसा रोक्न तथा अपराधीलाई कडाभन्दा कडा सजाय दिलाउन भनेर आन्दोलन गर्दै छन्। मुलुक भित्रका विभिन्न कुना कन्दरामा महिलामाथि भएका विभिन्नखाले घटना सञ्चार माध्यममा आउने गर्दछ। तर पनि महिलामाथि ज्यादती भएका घटना सार्वजनिक भइरहेका छन्। महिला हिंसाविरूद्ध यति ठूलो जनचेतना फैलाउने प्रयास हुँदाहुँदै पनि महिला प्रताडित हुनुपर्ने अवस्था साँच्चै लज्जास्पद हो । नेपालमा महिलामाथि विभिन्न खाले विभेद हुने गरेका छन् । यसका लागि हाम्रो परम्परागत गलत संस्कृति अर्कोतर्फ आधुनिकरणको नाममा पाश्चात्य छाडा संस्कृतिले पनि काम गरेको छ ।

नेपाली समाजमा महिलामाथि हुने विभेद हिंसा नयाँ कुरा होइन । यस्ता घटना पहिले पनि नघटेका होइनन् तर अहिले सञ्चार क्षेत्रको विकास, महिलामा बढेको चेतना, राजनीतिक परिर्वतन र भूमण्डलीकरण आदि कारणले यस्ता घटना सार्वजनिक भइरहेका छन । यसको कारण महिलामाथि हुने हिंसा हाम्रो नेपाली समाजको धर्म, संस्कृति र परम्परा बीचको सम्बन्ध रहेको पाइन्छ । कम्लरी, देवकी, छाउपडी, बहुविवाह, दाइजो प्रथा, छोराछोरीबीचको भेदभाव, कुमारी प्रथा, बोक्सीलगायत अन्य अन्धविश्वास, कुरीति र कुसंस्कारको आधार धर्म, संस्कृति र परम्परा नै हो । यसकारण हाम्रो समाजको परम्परागत धर्म, संस्कृति, मूल्यमान्यता, सोच र चिन्तनमा आमूल परिर्वतन नभएसम्म महिलाविरूद्धमा हुने सबै खाले विभेद र हिंसाको अन्त्य हुन सक्दैन ।

यी परम्परागत कारणले गर्दा महिलामाथि हुने विभेद र हिंसाका पछाडि प्रायः स्वयं महिला नै रहने गरेका छनरू। दाइजो नल्याएको अथवा छोरा नजन्माएको निहुँमा बुहारीलाई मानसिक यातना दिने, कुटपिट गर्ने, घर निकाला गर्ने र जलाउनेसम्मका घटनामा सासूकै अहं भूमिका रहने गरेको पाइन्छ । अर्को तर्फ महिला हिंसाका घटनामा वृद्धि हुनका पछाडि देशको राजनीतिक अस्थिरता, अन्योल, कमजोर निरीह, भ्रष्ट र विदेश परस्त सरकार पनि हो । यसका साथै डलरको खेती गर्ने र मानवअधिकारप्रति गफ र ओठे प्रतिबद्धता देखाउने तथा यो वा त्यो राजनीतिक दलको पिछलग्गु बन्ने नागरिक समाज र मानवअधिकारवादी संघ-संस्थाका कारणले पनि महिला हिंसा अन्त्य हुनसकेको छैनरू। नेपालको नागरिक समाज र बहुसंख्यक गैरसरकारी संस्थामा समस्या समाधान गर्नेभन्दा समस्यालाई देखाएर तथा समस्यालाई यथावत राखेर त्यसलाई मागी खाने भाँडोको रूपमा प्रयोग गरिरहने परम्परा नै बनिसकेको छ । यसैले हजारौं र सयौंको सख्यामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र निकाय सक्रिय रहेको देखिए तापनि सडक बालबालिका, महिला हिंसा तथा मानव बेचबिखन जस्ता समस्या घट्नुको सट्टा झन् विकराल हुँदै गइरहेको छ।

नेपाली नागरिकका सम्पूर्ण मानवअधिकारको रक्षा र सुनिश्चितताको संवैधानिक जिम्मेवारी पाएको राष्ट्रिय मानवअधिकार आयोग, महिलाको अधिकारको रक्षाका लागि स्थापित राष्ट्रिय महिला आयोग र दलित आयोग जस्ता निकाय कमजोर निकम्मा भूमिकाविहीन तथा भ्रष्टाचार र राजनीतिक हस्तक्षेपका सिकार भएका कारणले पनि मानवअधिकार उल्लघन तथा महिला हिंसाका घटना घट्नुको सट्टा बढिरहेको छ । नेपालका राजनीतिक दल तथा नेतामा मानवअधिकारको संस्कृतिको विकास नहुनु तथा उनीहरूमा मानवअधिकारप्रतिको प्रतिबद्धता र इच्छाशक्तिको कमी हुनाले पनि नेपालको समग्र मानवअधिकारको अवस्था नाजुक र दयनीय रहँदै आएको छ ।

महिला हिंसाका घटनामा वृद्धि हुनुका पछाडि नग्नता र अश्लिलताका कारण पनि हाल भइरहेको जघन्य खालका महिला हिंसाका घटना घटिरहेका छन । इन्टरनेट, साइबर, फेसबुकको विकास र त्यसप्रति बढदै गइरहेको नेपाली समाजको पहुँच पनि महिला हिंसा बलात्कारका लागि जिम्मेवार रहेका छन । नेपाली महिला त्यसमा पनि विशेषगरी युवा पुस्ताको लवाइमा बढदै गएको उच्छृङ्खलता, उत्ताउलोपन, नग्नता र अंग प्रदर्शन गर्ने प्रतिस्पर्धाका कारण पनि महिलामाथि हुने हिंसा र यौन दुर्व्यवहार बढ्दै गएको मानिन्छ । समाजमा व्याप्त जुवातास र मदिरासेवन जस्ता सामाजिक विकृति पनि महिलामाथि हुने हिंसाका लागि जिम्मेवार छन। जघन्य खालका महिला हिंसा र बलात्कारका घटना मदिरा सेवनकै कारण भएका छन । समाज क्रमशः हिंसात्मक बन्दै गइरहेको र नैतिकताको ह्रास हुँदै गइरहेको कारण पनि यस्ता आपराधिक घटना घटने गर्छन । खुला अर्थतन्त्र, पुँजीवादप्रतिको मोह र पैसा नै सबैथोक हो भन्ने सामाजिक मान्यताका कारण पनि नेपाली समाज अपराधीकरण र छाडापनतिर उन्मुख हुँदै गइरहेको छ । नेपाली राजनीतिमा भइरहेको चरम अपराधीकरण र अपराधको राजनीतिकरणका कारण नेपाली समाजमा दण्डहीनता मौलाउँदै

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
मनमा उत्साह जाग्नेछ। नयाँ योजना बनाउने अवसर मिल्नेछ। प्रेम सम्बन्धमा सुधार आउनेछ।

**वृष**
साझेदारीको काममा लाभ मिल्नेछ। साथीभाइसँग मेलमिलाप हुनेछ। मनग्य आम्दानी हुने सम्भावना छ।

**मिथुन**
घरायसी समस्याको समाधान निकालिनेछ। यात्रा रमाइलो र फलदायी हुनेछ। परिवारमा खुशीयाली हुनेछ ।

**कर्कट**
पठनपाठनमा सफलता मिल्नेछ। पारिवारिक सहयोग पाइनेछ। प्रेमप्रसङ्गमा प्रगति हुनेछ।

**सिंह**
सावधानीपूर्वक निर्णय लिनुपर्ने दिन हो। सम्पत्ति वा धनसम्बन्धी विवाद उठ्न सक्छ। आत्मबल बढ्नेछ।

**कन्या**
दाम्पत्य जीवनमा मधुरता आउनेछ। व्यापारिक लाभ मिल्ने संकेत छ। नयाँ योजना बनाउन सकिनेछ।

**तुला**
शारीरिक स्वास्थ्यमा समस्या देखिन सक्छ। अनावश्यक विवादबाट टाढा रहनु उपयुक्त हुनेछ।

**वृश्चिक**
प्रेम र दाम्पत्य सम्बन्धमा प्रगाढता आउनेछ। सन्देश वा खबरले खुसी दिनेछ। नयाँ अवसर प्राप्त हुनेछ।

घरपरिवारमा खुसीको माहोल बन्नेछ। रोकिएको कार्य अघि बढ्नेछ। यात्राबाट लाभ मिल्ने संकेत।

**मकर**
व्यवसायमा लाभ होला। पुराना काममा सुधार देखिनेछ। विद्या र सीपमा अभिवृद्धि हुनेछ।

**कुम्भ**
दैनिक जीवनमा उतारचढाव देखिन सक्छ। अनावश्यक चिन्ताले मन खिन्न बनाउनेछ।

**मीन**
आत्मविश्वासले नयाँ दिशा दिनेछ। सम्बन्धहरु बलियो हुनेछन्। कार्यक्षेत्रमा सफलताको संकेत छ।

# महिलामाथि हुने हिंसा ............

गइरहेको छ ।

माथि उल्लेखित तमाम कारणले गर्दा महिलाविरूद्ध हुने विभेद सबै खालका हिंसा अन्त्य गर्नका लागि यी सबै पक्षलाई विचार गर्नु आवश्यक छ । नेपाली राजनीतिमा क्रमभङ्गता, नेपाली समाजको परम्परागत सोच, चिन्तन, संस्कार र जीवन र जगत्लाई हेर्ने दृष्टिकोणमा परिवर्तन र राज्यका सबै संरचनामा आमूल परिवर्तन नआएसम्म महिला हिंसाको अन्त्य हुनसक्दैन । नेपाली महिलालाई हाम्रो सदियौँदेखि परम्परागत धर्म संस्कृतिले देवीको रूपमा पूजा गर्ने परम्परालाई आज उपोभोक्तावादी समाजले महिलालाई एउटा खेलौनाको रूपमा लिइने गरेको पाइन्छ ।

महिला भएकै आधारबाट मानव अधिकारको उपभोगमा गरिने विभेद, शारीरिक तथा मानसिक रूपबाट दिइने पीडा, प्रतिबन्धलगायत जुनसुकै तरिकाबाट महिलाको आत्म सम्मानमा पुऱ्याइने सबै किसिमको आघातलाई महिला हिंसाका रूपमा हुन । समाजमा महिला हिंसाको स्थिति कायम रहन विभिन्न तत्वले भूमिका निर्वाह गरिरहेका हुन्छन्। नेपालको सन्दर्भमा कुल जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगटेका महिलाहरू अहिलेसम्म पनि विभेद, असमानता, अन्याय तथा विभिन्न खालका हिंसाको सिकार भैरहेका छन् । पम्परागत धार्मिक तथा सांस्कृतिक मान्यताले महिलालाई असमान त बनाएकै छ, देशमा विद्यमान कतिपय कानुनी व्यवस्थाले समेत महिलाको हैसियतलाई समान बनाउन सकेको देखिँदैन । देशमा धेरै ठूला राजनीतिक परिवर्तन भएका छन् तर ती परिवर्तनलाई निर्णायक बिन्दुमा पुऱ्याउन आफ्ना तर्फबाट भूमिका निर्वाह गर्ने नेपाली महिलाहरूको जीवन र मर्यादामा भने उल्लेखनीय परिवर्तन आउन सकेको छैन ।

समाजमा व्याप्त पितृसत्तात्मक सोच, अन्धविश्वास, पुरातन संस्कार एवं परम्परा, विभेदपूर्ण कानुन, लैंगिक असमानता, आर्थिक परनिर्भरता, अशिक्षा, गरिबी, नीति निर्माणको तहमा महिला प्रतिनिधित्वको न्यूनताजस्ता विषय नै महिलामाथि हिंसा हुनुका प्रमुख कारणका रूपमा देखिएका छन । पितृसत्तात्मक नेपाली समाजमा महिलालाई दोस्रो दर्जाको नागरिकका रूपमा गरिने व्यवहार अहिले पनि जारी छ । महिला र पुरूषबीच विद्यमान यही सामाजिक विभेदका कारण पनि महिलामाथि हिंसा भैरहेको छ । महिलामाथि हत्या, बलात्कार, यौन दुर्व्यवहार, अपहरण, बेचबिखन, कुटपिट, आगो लगाउने, विष ख्वाउने, एसिड खन्याएर कुरूप बनाउने, दैनिक घर-व्यवहारमा भेदभाव गर्ने, संस्कार एवं परम्पराका नाममा अधिकारबाट वञ्चित गर्ने गराउने, आत्मसम्मानमा चोट पुग्ने बोली र व्यवहार गरिने आदि घटना भैरहेका छन ।

महिला हिंसाअन्तर्गत पनि अधिकांश महिला आफ्नै घर परिवेशभित्र श्रीमान् तथा परिवारका अन्य सदस्यबाट पीडित छन । जसलाई घरेलु हिंसा भन्ने गरिएको छ। दाइजो नल्याएको, छोरा पाउन नसकेको, चरित्र राम्रो नभएको जस्ता आरोप लगाउँदै श्रीमान् तथा उनका परिवारका सदस्यहरूले पत्नी र बुहारीप्रति गर्ने व्यवहार अति नै अमानवीय रहँदै आएको पाइन्छ । श्रीमानले बहुविवाह गरेर अघिल्ली श्रीमती तथा सन्तानप्रतिको जिम्मेवारी पूरा नगर्ने र कतिपय अवस्थामा घरबाट निकालिदिने अवस्थाका साथै महिलाहरू वैवाहिक बलात्कारबाट पनि उत्तिकै सताइएका छन । त्यस्तै सामाजिक तहमा हुने विभिन्न खालका हिंसाबाट पनि महिलाहरू उत्तिकै पीडित हुने गरेका छन । कामकाजमा रहेका महिलाविरूद्ध विभिन्न किसिमका टिप्पणी गरेर गरिने चरित्र हत्या, सार्वजनिक स्थल तथा सवारी साधनहरूमा दुर्व्यवहार एवं अपशब्दहरूको प्रयोग, काम गर्ने ठाउँमा हुने हिंसाजन्य व्यवहार व्यापक रूपमा हुने भए पनि सामाजिक तहमा भने यस्ता घटनालाई सामान्य ढंगले मात्र हेर्ने गरिएको छ ।

पछिल्लो समयमा महिला तथा बालिकामाथि हुने बलात्कारका घटना असामान्य ढंगबाट वृद्धि भैरहेका छन । कतिपय बलात्कारका घटनामा बलात्कारपछि पीडित हत्यासमेत हुने गरेको छ । बोक्सीको आरोपमा असहाय महिलाहरू मारिनेदेखि लिएर हदैसम्मको निकृष्ट व्यवहार सहन बाध्य छन । त्यस्तै प्रथा र परम्पराका नाममा व्यक्तिगत स्वतन्त्रता एवं अधिकारबाट वञ्चित हुँदै अझै पनि महिलाहरू देउकी र झुमाको जिन्दगी जिइरहेका छन् भने नेपालको पश्चिमी भेगमा कायम छाउपडी प्रथाका कारण महिलाहरू अहिलेसम्म पनि कुन तहको जीवन बाँचिरहेका छन् भन्ने प्रश्न खडा भएको छ । यौन व्यवसाय, सर्कसलगायत विभिन्न प्रयोजनका लागि भारत तथा खाडी मुलुकहरूमा बर्सेनि लगभग ५ हजार महिला तथा बालबालिका बेचिने तथ्याङ्क सार्वजनिक हुँदै आएको छ । त्यस्तै रोजगारीका लागि खाडीलगायत विभिन्न देश पुगेर घरेलु श्रमिकका रूपमा काम गर्ने महिलाहरूको शोषण एवं अत्याचार पनि बेलाबेलामा सार्वजनिक हुने गरेका छन् ।

सामाजिक इज्जत, प्रतिष्ठा तथा घरपरिवारको डरका कारण सकेसम्म महिलाहरू आफूमाथिका हिंसाका घटना बाहिर ल्याउन चाहँदैनन । अझ घरेलु हिंसा विरूद्धको उजुरीमा महिलाहरूले ठूलो त्रास खेप्नुपर्ने स्थिति छ । त्यसैले समाधानको कुनै विकल्प नभेटिएपछि मात्र यस्ता घटना सार्वजनिक हुने गरेको पाइन्छ । तर पनि विगतको तुलनामा अहिले महिला हिंसाका घटनामा उजुरी गर्ने क्रममा वृद्धि भएको छ । यस्ता घटनाविरूद्ध राष्ट्रिय मानव अधिकार आयोग, महिला आयोग, प्रहरी कार्यालयका महिला सेल, महिला तथा मानव अधिकार संस्था आदिमा पीडितहरूले निवेदन दिने गरेको पाइन्छ । सम्बन्ध विच्छेद सम्बन्धी मुद्दा अदालतमा पेस हुने गरेका छन ।

नेपालमा राजनीतिक परिवर्तन र त्यसले सुनिश्चित गरेका संवैधानिक अधिकारको कुरामा बलियो अवस्थामा रहेको छ। तर त्यसको कार्यान्वयन र वास्तविक न्याय वा मानवअधिकारको अवस्थामा भने अझै सुधार आउन सकेको छैन। पछिल्लो समय बढ्दै गएको यौनजन्य हिंसा र हत्या तथा द्वन्द्वका पीडितहरूले अझै न्याय पाउन सकेका छैनन् । यस्तै अरू सामाजिक न्यायका कुरामा पनि समस्या देखिएको छ ।

# श्रीलङ्कामा बाढीको प्रकोपमा १५९ जनाको मृत्यु

रासस/एएफपी/कोलम्बो

श्रीलङ्काको राजधानी तथा देशभरिका धेरै भागमा आएको विनाशकारी बाढीका कारण मृत्यु हुनेको संख्या कम्तीमा १५९ पुगेको अधिकारीहरूले बताएका छन् । शक्तिशाली चक्रवात दितवाहबाट सुरू भएको प्रकोपपछि अहिले पनि राजधानी कोलम्बोका केही भागमा तीव्र रूपमा पानी बढिरहेको छ। विशेषगरी केलानी नदीको सतह निरन्तर उक्लिँदा उत्तरी क्षेत्र ठूलो बाढीको चपेटामा परेको विपद् व्यवस्थापन केन्द्र (डिएमसी) ले जनाएको छ ।

गत हप्ताभरि परेको अविरल वर्षासँगै शनिबार श्रीलङ्काबाट टाढा सरेको चक्रवातका कारण डिएमसीले मृतक संख्या १५९ पुगेको र २०३ जना नागरिक बेपत्ता रहेको पुष्टि गरेको छ । "चक्रवातले देश छाडे पनि माथिल्लो क्षेत्रमा परेको भीषण वर्षाले केलानी नदी किनारका तल्लो बस्तीहरू अहिले डुबानमा परेका छन्", डिएमसीका एक वरिष्ठ अधिकारीले भने ।

राष्ट्रपति अनुरा कुमारा दिसानायकले चक्रवातको गम्भीर परिणामलाई मध्यनजर गर्दै शनिबार नै देशभर आपतकालिन अवस्था घोषणा गर्नुभएको छ। उहाँले अन्तर्राष्ट्रिय सहयोगका लागि अनुरोधसमेत गर्नुभएको छ । राष्ट्रपतिको अपिलपछि भारतले तुरून्तै राहत सामग्री तथा उद्धारकार्यका लागि चालक दलसहित दुईवटा हेलिकप्टर पठाई पहिलो प्रतिक्रिया दिएको छ। जापानले पनि तत्कालीन आवश्यकताको मूल्याङ्कन गर्न आफ्नो टोली पठाउने र साथै थप सहयोग उपलब्ध गराउने वाचा गरेको छ ।

यद्यपि टापुभर वर्षा केही कम भए पनि सबैभन्दा बढी प्रभावित मध्य प्रान्तका धेरै सडकहरू अहिले पनि कतै-कतै क्षतिग्रस्त अवस्थामा रहेको डिएमसीले जनाएको छ । चक्रवात र बाढीको संयुक्त प्रभावले देशभर २० हजारभन्दा बढी घर पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् भने एक लाख २२ हजारभन्दा बढी नागरिक राज्यद्वारा सञ्चालित अस्थायी आश्रयस्थलमा बस्न बाध्य भएका छन् । त्यसैगरी, बाढीबाट विस्थापित भएपछि थप आठ लाख ३३ हजार मानिसलाई तत्काल मानवीय सहायताको आवश्यकता परेको अधिकारीहरूले बताएका छन्।

राहत तथा उद्धार कार्यलाई तीव्र बनाउन सेना, नौसेना, वायुसेना, नागरिक सुरक्षाकर्मी तथा स्वयंसेवकहरू देशका विभिन्न ठाउँमा तैनाथ गरिएको छ। बाढीका कारण देशको करिब एकतिहाइ भागमा बिजुली आपूर्ति अवरूद्ध भएको छ भने पानी शुद्धीकरण केन्द्रहरू डुबानमा परेकाले सुरक्षित पिउने पानीको अभाव बढेको छ । साथै, इन्टरनेट जडानसमेत व्यापक रूपमा अवरूद्ध भएको छ ।

यो चक्रवात सन् २०१७ यताकै सबैभन्दा घातक प्राकृतिक प्रकोप बनेको अधिकारीहरूले स्मरण गराएका छन् । सन् २०१७ मा बाढी तथा भूस्खलनका कारण २०० भन्दा बढीको ज्यान गएको थियो। त्यस्तै, सन् २००३ मा आएको ऐतिहासिक बाढीमा २५४ जनाको मृत्यु भएको थियो, जुन शताब्दीको अन्त्यपछि देशले भोगेको सबैभन्दा गम्भीर बाढी मानिन्छ ।


## शिक्षक आवश्यकता

*विद्यालयमा सूचना प्रकाशित मिति : २०८२/०८/०८*

शिक्षा यूवा तथा खेलकूद शाखा भानु नगरपालिकाको कार्यालय तनहुँको च.नं. १३२ मिति २०८२/०८/०५ को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा माध्यमिक तह तृतीय श्रेणीको **विज्ञान** विषय शिक्षक करारमा नियुक्त गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

तपसिल

**विज्ञापन नं.** : १/२०८२/०८३
१) **पद** : माध्यमिक तह (करार, सट्टा)
२) **विषय** : विज्ञान ३) **आवश्यक संख्या** : १ (एक) जना
४) **शैक्षिक योग्यताः** सम्बन्धित विषयमा स्नातक वा सोसरह उत्तीर्ण
५) **दरखास्त शुल्क** : १०००/- (एक हजार रूपैयाँ)
६) **तलब** : नेपाल सरकारले तोके बमोजिम
७) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
८) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शिक्षण अनुमती पत्रको प्रतिलिपि, निरोगिताको प्रमाणपत्र ।
९) **परीक्षाको किसिम** : लिखित, मौखिक र आवश्यक भएमा प्रयोगात्मक
१०) **दरखास्त दिने अन्तिम मिति** : २०८२/०८/२२ गतेसम्म
११) **सम्पर्क मिति** : २०८२/०८/२३ गते विद्यालयमा समय भित्र ।
१२) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

**पुनश्च** : करार सूचिमा रहनु भएका उम्मेदवारहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र विद्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । तोकिएको मितिमा कुनै पनि करार सूचिका उम्मेदवारहरू सम्पर्कमा नआएमा उक्त दरबन्दीमा खुला प्रतिस्पर्धाबाट शिक्षक छनौट र नियुक्ति गरिने छ ।

प्रधानाध्यापक
**श्री भानु संस्कृत माध्यमिक विद्यालय**
भानु नगरपालिका-४, चुँदी, रम्घाबेसी, तनहुँ
सम्पर्क : ९७४५४५७४७९, ९८४६२४२७३१
Email : 1999bhanusanskrit@gmail.com



## राहदानी हराएको सूचना

मेरो निम्न व्यहोराको राहदानी तनहुँको व्यास नगरपालिका वडा नं. ९ तारूकाबाट दमौली बजारतर्फ आउने क्रममा मिति २०८१/०७/०५ गते हराएको हुँदा पाउनुहुने महानुभावले मेरो मोवाइल नम्बरमा वा नजिकको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम** : अदित्या गुरूङ
**ठेगाना** : व्यास नगरपालिका-९, तारूका, तनहुँ
**राहदानी नं.** : १०३१२६३८ सम्पर्क नं.: ९८१५१५३७००



## व्यास नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुं । गण्डकी प्रदेश

## नगर लोककल्याणकारी सन्देश

नगरको वातावरण स्वच्छ र सफा राख्ने उद्देश्यले यही २०८१ जेठ १ गतेदेखि व्यास नगरपालिका भित्र कुनै प्रकारको प्लाष्टिकको झोला प्रयोग गर्न पूर्ण रूपमा निषेध गर्ने निर्णय भएको हुनाने सम्पूर्ण नगरबासीहरूले सामान खरिद गर्दा कपडा, फाइवर, जुट र कागजको झोला मात्र प्रयोग गरिदिनुहुन अनुरोध गरिन्छ । साथै व्यापारी वर्गहरूले समेत प्लाष्टिकको झोलाको सट्टा वैकल्पिक झोलाहरू मात्र बिक्री वितरण गरी 'प्लाष्टिक झोला मुक्त व्यास नगर अभियान'लाई सफल बनाउने दायित्व सम्पूर्ण नगरबासीहरूको पनि भएको हुँदा सूचनाको पालना गरिदिनुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ। यदि कोही कसैले नियम विपरित बिक्री वितरण वा प्रयोग गरेको पाइएमा प्लाष्टिक झोला जफत गरी नियमानुसार जरिवाना गरिने व्यहोरा समेत सूचित गरिन्छ ।



# Bandipur Rural Municipality
### Office of the Rural Municipal Executive
Bandipur, Tanahun
Gandaki Province, Nepal

## Letter of Intent

**(First Date of Publication: 2082/08/15)**

Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is to notify all the bidders who submitted their bids for the contract identification below as per the Invitation for Bids published in the national daily newspaper on 2nd **Kartik, 2082** that the following listed **Lowest Evaluated and Substantially Responsive Bidder** has been selected to award the contract.

| S.N. | Contract ID No. | Name of Project | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Without VAT) | Remarks |
|---|---|---|---|---|---|
| 1 | BRMH/NCB/GOODS/ 01/2082/083 | Procurement of Free Medicine and Surgical Items | Popular Connection Nepal Pvt.Ltd, Balaju, Kathmandu | 13,96,594/56 | |

**Chief Administrative Officer**



## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**प्रत्येक महिनाको शनिबारः** पहिला पश्चिमान्चल (गण्डकी) अस्पताल र हाल दिर्घायु अस्पताल पोखरामा कार्यरत हाडजोर्नी तथा नशा रोग विशेषज्ञ **डा. मेघराज लामिछाने**द्वारा स्वास्थ्य परीक्षण गरिने हुँदा रोगसँग सम्बन्धी बिरामीहरू जस्तै :- जोर्नी दुख्ने ,जोर्नीमा सुजन वा रातोपन देखिनु, हिड्दा वा चल्दा जोर्नीमा क्र्याक-क्र्याक आवाज आउनु, हड्डी भाँचिनु वा चिर्नु, काध, घुँडा, कुहिनो, मुठो आदि चलाउँदा दुख्नु वा चिप्लिनु, कमर दुख्ने वा तन्काउँदा दुखाइ बढ्नु, सुत्दा या उठ्दा पीडा बढ्नु ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**मोबाइलमा रमाएको पुस्ता :** तनहुँको बन्दीपुरमा शनिबार विद्यालय विदा भएपछि घरको पेटीमा बसेर मोबाइलमा गेम खेल्दै गरेका बालकहरू। पछिल्लो समय प्रविधिको विकास र पहुँचसंगै बालबालिकाहरू मोबाइलमा रमाउन थालेका छन् । *तस्विर : नारायण खड्का/भञ्ज्याङ*

# विश्व एड्स दिवस: एचआइभी ............

समावेशीता, समता, सामाजिक न्यायजस्ता सवालहरू ओझेलमा पर्दैछन्। अनि सीमान्तकृत र प्रभावित समूहहरू थप बञ्चितीकरणमा पर्ने जोखिम बढ्छ।

एचआइभी रेस्पोन्सका लागि बाह्य दातृ निकायमा निर्भर रहने परम्पराले पनि यतिछिट्टै उल्लेख्य बजेट कटौती भएपछि एचआइभी कार्यक्रमहरूको निरन्तरता र दिगोपनमा थप संकट र चुनौती थपिएको छ । यो परिस्थितिको सामना गर्न राज्यले आन्तरिक बजेट बढाउनुपर्ने, एचआइभी कार्यक्रमसँग सम्बन्धित सरोकारवालाहरूसँग साझेदारी बढाउने र स्थानीय नागरिक समाज एवं उच्च जोखिममा परेका समूहहरूको क्षमता अभिवृद्धिलाई संस्थागत गर्नुपर्ने देखिन्छ । यसका लागि एचआइभी सेवालाई समावेशी, एकीकृत र जनकेन्द्रित स्वास्थ्यको मोडेलमा रूपान्तरण गर्न जरूरी छ ।

दिगो रोकथामका लागि स्वास्थ्यबाहेकका अन्य शिक्षा, सहरी विकास, श्रम तथा रोजगार. बालबालिका, महिला, सामाजिक संरक्षणलगायत क्षेत्रमा समन्वय र सहकार्य बढाउनुपर्ने देखिन्छ । बहुक्षेत्रीय समन्वयले नै एचआइभी रोकथामको माग र सेवाको कभरेज बढाउन उल्लेख्य सहयोग गर्छ । केही क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरबाट प्राप्त अनुभव र सिकाइबाट स्थापित भएका रोकथाम, परीक्षण र उपचारका नयाँ प्रविधि र अभ्यासहरूलाई पनि कार्यान्वयन गर्नुपर्ने देखिन्छ । दक्षिण पूर्वी एशियाका देशहरू जस्तैः थाइल्याण्ड, कम्बोडियाका एचआइभी रेस्पोन्सका कार्यक्रम सफल मानिन्छन्। ती अभ्यासहरूलाई नेपालले पनि अनुसरण गर्न सक्छ तर यी नयाँ प्रयासहरू पर्याप्त जनशक्ति र प्राविधिक क्षमताको अभावले गर्दा अपेक्षा गरेअनुरूप स्थानीय तहमा प्रभावकारी रूपमा विस्तार हुन सकेका छैनन् ।

एचआइभी संक्रमित व्यक्तिलाई उपचार सेवामा पहुँच बढाउन प्रदेश र स्थानीय स्तरमा परीक्षण, परामर्श र प्रेषण सेवालाई उच्च प्राथमिकतामा राखिएको छ । एचआइभी एड्सकाबारेमा जनचेतना बढे पनि दुर्गम क्षेत्रमा संक्रमित व्यक्ति र उनीहरूको परिवारले स्थानीय संस्थाहरूमा पाउनुपर्ने गुणात्मक उपचार, परामर्श सेवा र सहयोग उपलब्ध छैनन् । कतिपय स्वास्थ्य संस्थामा तालिम प्राप्त जनशक्ति, औषधि र प्रयोगशालाको अभावले गर्दा एचआइभी सेवाहरू प्रभावित भएका छन् । एचआइभी सेवाको प्रवाहमा असमानतामा घटाउँदै समुदाय र स्वास्थ्य प्रणालीलाई अझ बढी समावेशी, उत्थानशील र दिगो बनाउने दिशामा नयाँ राष्ट्रिय एचआइभी रणनीतिले स्पष्ट मार्गचित्र दिने अपेक्षा गरिएको छ। त्यसैले एचआइभी रोकथामका लागि उच्च राजनीतिक प्रतिबद्धता, स्पष्ट राष्ट्रिय कार्ययोजना र आवश्यक प्राविधिक स्रोत सुनिश्चित गर्न आवश्यक छ ।

### थपिँदो चुनौती

पहिलेदेखि नै राष्ट्रिय एचआइभी कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन र अनुगमन गर्न अन्तर्राष्ट्रिय साझेदार संस्थाले प्राविधिक सहयोगमा निरन्तरता दिँदै आएका थिए। यो सहयोगले एचआइभी सेवामा जोखिम समूहको पहुँच बढाउन उल्लेख्य सहयोग पुगेको देखिन्छ । तर अहिलेका सन्दर्भमा अन्तर्राष्ट्रियस्तरमै बजेट कटौतीले गर्दा दातृ निकायको आर्थिक र प्राविधिक सहयोग उल्लेख्य रूपमा घटेको छ । यो चिन्ताको विषय हो किनकी एचआइभीका सेवालाई कसरी निरन्तरता दिने भन्ने विषय अहिले मुख्य सवाल बनेको छ । यो परिवेशमा राष्ट्रिय र स्थानीयस्तरमा नागरिक समाजका सञ्जालमार्फत सञ्चालित एचआइभी रोकथाम र उपचार सेवा अझ बढी परिणाममुखी बनाउन उनीहरूको सहभागिता र क्षमता अभिवृद्धि सुनिश्चित गर्न जरूरी देखिन्छ ।

अर्कोतिर उच्च जोखिममा रहेका समूहहरूको यौनरोग, एचआइभी रोकथाम र उपचार सेवामा सहज पहुँचका लागि सूचना, सञ्चार र परामर्श सेवालाई विस्तार गर्न जरूरी छ । उनीहरुको सुरक्षित जीवनशैलीका लागि व्यवहार परिवर्तनमा जोड दिने कार्यक्रम बढी प्रभावकारी भएका छन् । समुदायस्तरमा उपलब्ध एचआइभी रोकथाम र उपचार सेवाको नतिजामूलक अनुगमन र सहभागितामूलक मूल्याङ्कन प्रणालीलाई सुदृढ गर्दै तथ्यमा आधारित रोकथामका रणनीति र कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्न जरूरी छ ।

यीबाहेक उपलब्ध स्रोतको पारदर्शिता, समतामूलक वितरण र परिचालनमा थप सुधार गर्नुपर्छ। गुणात्मक एकीकृत एचआइभी सेवाको निरन्तरता सुनिश्चित गर्न आन्तरिक स्रोत परिचालन पर्याप्त रूपमा बढाउन सकिएको छैन । त्यसैले एचआइभी कार्यक्रमको बजेट तर्जुमा र योजना प्रक्रियामा प्रादेशिक र स्थानीय सरकारको क्षमता बढाउँदै सार्वजनिक-निजी साझेदारीको अवधारणालाई प्रवर्द्धन गर्नुपर्छ । यसले राष्ट्रिय अपनत्व पनि बढाउँछ।

### बहुक्षेत्रीय समन्वय र सहकार्य

राष्ट्रिय एचआइभी रणनीतिका आधारमा प्रदेश र स्थानीय तहमा बृहत् कार्ययोजना तयार गरी प्रभावकारी कार्यान्वयन लागि स्वास्थ्य मन्त्रालय, राष्ट्रिय एड्स तथा यौन रोग केन्द्र, राष्ट्रिय समन्वय संयन्त्र, ग्लोबल फण्ड, विश्वस्वास्थ्य संगठनलगायत अन्य दातृ निकायसँग समन्वय र सहकार्य अझै सुदृढ बनाउनुपर्ने देखिन्छ । एचआइभी संक्रमित बालबालिकाका लागि आवश्यकपर्ने शिक्षा स्वास्थ्य र पोषणका लागि सामाजिक संरक्षणका कार्यक्रम अझै पनि सीमित छन् । प्रदेश र स्थानीय सरकारले एचआइभी रोकथामका प्रमुख सवाललाई सम्बोधन गर्दै आवश्यक स्रोत परिचालनका लागि बलियो राजनीतिक नेतृत्व, प्रतिबद्धता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्नुपर्छ ।

एचआइभी/एड्स जनस्वास्थ्यको मात्र सवाल होइन, यो दिगो मानवीय विकास दिगो विकाससँग जोडिएको महत्वपूर्ण चुनौती हो । त्यसैले यसको समाधानका लागि सबैको जिम्मेवारी र जवाफदेहिता सुनिश्चित गर्नुपर्छ। स्रोतको अभावले प्रभावित व्यक्ति, परिवार र समुदायले थप संकट भोग्नुपर्ने अवस्था हुनु विडम्बना हो। तसर्थ राज्यले बनाउने एचआइभी/एचआइभी रणनीतिले बलियो राजनीतिक प्रतिबद्धतासहित समावेशी र जनकेन्द्रित पद्धतिलाई प्रवर्द्धन गर्दै स्पष्ट कार्ययोजना बनाउनुपर्ने देखिन्छ । एचआइभीसँग जोडिएका सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक र संरचनागत असमानता न्यूनीकरण गर्न समुदायको अर्थपूर्ण सहभागिता सुदृढ गर्दै अधिकारमा आधारित बहुक्षेत्रीय समन्वय र सहकार्य अपरिहार्य छ। रासस (लेखक जनस्वास्थ्य परामर्शदाताका रूपमा कम्बोडिया र लाओसमा कार्यरत हुनुहुन्छ)

## facebook twitter



**Keshab DAHAL**
x.com/dahalkeshab

कुनै समय म विवेकशील साझा पार्टीको संगठन विभाग प्रमुख थिएँ। अहिलेको कार्यसमिति मेरै अध्यक्षतामा सम्पन्न महाधिवेशनबाट निर्वाचित समिती हो। त्यसैले यो पार्टीले गर्ने निर्णयमा मेरो चासो छ। अतः त्यही चासोका साथ आज हुँदै गरेको विवेकशील साझा पार्टी र रास्वपाको एकीकरणलाई हार्दिक शुभकामना दिन चाहन्छु। साथीहरू! अब पार्टीले चमत्कार गर्ने, चुनावमा दुई तिहाई ल्याउने, देशलाई स्वर्ग बनाई हाल्ने र आफू मात्र जान्ने भ्रमबाट मुक्त हुनुहोला। आ´नो नेतालाई देवता बन्नबाट जोगाउनु होला र लोकतान्त्रिक निष्ठामा अविचलित हुनुहोला। मुख्य कुरा, भुइँ नछोड्नुहोला। हार्दिक बधाई ।



**Tara Nath Dahal**
x.com/tndahal7

निर्वाचन आउँदैछ, सरकार र आयोग भन्छन्– सुरक्षाको सबै योजना बनिसके। बातावरण बनिसक्यो। म्यादी एक डेड लाख भर्ना गर्ने र आयोग र प्रहरीहरूलाई नयाँ गाडी किन्ने अनि गृहमन्त्रीले सिडओ अपडेट गरेर मात्र सुरक्षा स्थिति बन्दैन। चुनावका लागि सबैभन्दा डरलाग्दा चुनौतीहरू– डिजिटल दुर्नियामा छन है !



**(यात्री)**
x.com/db5921

सम्बन्धहरू टुक्रा-टुक्रा भएर फुटून्, अप्ठेरा शृंखलाहरू चाङ बन्दै जाउन, गोमनसाप, चील र गिद्ध बनेर दिमाग लुछून् र जिन्दगीको संघर्षमा एउटा पहाडजस्तै बनेर उठून्, तैपनि मनहरू हिम्मत नहारून्, प्रेमको अन्त्य नहोस् जोडिहरू नछुटुन जिन्दगीमा साथ दिने कोहि आफ्नै मान्छे होस । यत्ति भए पुग्यो ।

# एमाले महाधिवेशन .....

र स्थायी कमिटी सदस्य खगराज अधिकारी पक्षबीच तीव्र शक्ति संघर्ष चल्दै आएको छ । जिल्ला इन्चार्ज केदार सिग्देल र अध्यक्ष कँडेल खगराज पक्ष नजिक मानिन्छन् । बन्दीपुरमा सतप्रतिशत मत ल्याएका घनश्याम देवान भने हालै एमालेमा फर्किएका किसान श्रेष्ठ समूहका मानिन्छन् । यी आन्तरिक गुटगत लाभ-हानिले पनि मतगणना प्रक्रियामा तनाव थपेको विश्लेषण स्थानीय नेताहरूको छ ।

### अर्को सूचना नआएसम्म प्रक्रिया रोकियो

यता निर्वाचन अधिकृत ढकालले राति सूचना जारी गर्दै क्षेत्र नम्बर १ को सम्पूर्ण मतगणना अर्को सूचना नआएसम्म रोकिएको जनाएका हुन् । मध्यरात मतपेटिका गायब भएपछि निर्वाचन प्रक्रिया पुनः सुरू हुने सम्भावना झन् जटिल बनेको नेताहरूले बताइरहेका छन्। क्षेत्र नं. १ मा ५ प्रतिनिधि चयनका लागि १३ उम्मेदवार प्रतिस्पर्धामा थिए । अब मतपेटिका नभएपछि पुनः मतदान गर्ने, विवादित वडा पुनःगणना गर्ने वा राजनीतिक सहमतिको माध्यमबाट निकास खोज्ने भन्ने विषय खुला रहेको एमाले नेताहरूले बताएका छन् ।

### क्षेत्र नं. २ मैत्रीपूर्ण-सर्वसम्मत चयन

यसैबीच, तनहुँ क्षेत्र नम्बर २ मा भने सबै क्लस्टरबाट सर्वसम्मत रूपमा महाधिवेशन प्रतिनिधि टुंगो लागेको छ। खुल्लातर्फ श्रीप्रसाद श्रेष्ठ, राजेश्वर ढकाल र विष्णुभक्त सिग्देल चयन भए । महिलातर्फ बिर्सना श्रेष्ठ र विष्णुमाया अधिकारी पराजुली तथा ४० वर्षमुनिका युवातर्फ उज्वल खनाल सर्वसम्मत भएका छन् । दलित क्लस्टरबाट मुक्ति समाजका जिल्ला अध्यक्ष भरत लामगादे पनि सर्वसम्मत रूपमा चयन भएका छन् । क्षेत्र २ को सहमतिको वातावरण र क्षेत्र १ को तनावपूर्ण परिस्थितिले तनहुँमा एमालेको आन्तरिक अवस्थाबारे गम्भीर प्रश्न उठाएको स्थानीय राजनीतिक विश्लेषकहरूको टिप्पणी छ ।

### अब के हुन्छ ?

क्षेत्र नम्बर १ को मत गणना कार्य प्रभावित भएपछि आगामी प्रक्रिया कसरी अघि बढाउने भन्ने विषयमा उम्मेदबार र एमालेका केन्द्र र जिल्लाका नेताहरू विच आइतबार अबेरसम्म छलफल भएपनि त्यसले केही निष्कर्ष निकाल्न सकेन । दुवै पक्षका नेताले महाधिवेशन प्रतिनिधि, उम्मेदवार र केन्द्रका नेतासँग छलफल गरी निकास खोज्ने बताइरहे पनि विवाद समूहगत पक्षमा परेकाले समाधान चाँडै ननिस्कने विश्लेषण गरिएको छ । मतपेटिका गायब भएको पुष्टि भइसकेपछि पुनःगणना वा सहमतिमार्फत नयाँ निर्णयमा पुग्नुपर्ने दबाब बढेको छ ।

त्यस्तै, यसै विषयमा तनहुँका पार्टी सचिव प्रदीपराज अधिकारीले सकेसम्म विवादलाई समाधान गर्दै सर्वसम्मत रूपमा प्रतिनिधि चयन गर्ने प्रयास जारी रहेको छ । उनले भने, 'अब कसरी अगाडि बढ्ने भन्ने विषयमा उम्मेदवारहरूबाट आएको रायसुझाव अनुसारनै अगाडि बढ्ने र निकास निकालिनेछ ।'

# एमालेको ११औं महाधिवेशनको लोगो सार्वजनिक

भञ्ज्याङ समाचारदाता/काठमाडौं

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले पार्टीको आशन्न ११औं राष्ट्रिय महाधिवेशनको प्रतीक चिन्ह (लोगो) सार्वजनिक गर्नुभएको छ । एमालेको महाधिवेशन प्रचार समितिद्वारा आइतबार पार्टी कार्यालय, च्यासलमा आयोजित कार्यक्रममा पूर्वप्रधानमन्त्री समेत रहनुभएका अध्यक्ष ओलीले सो लोगो सार्वजनिक गर्नुभएको हो । पार्टीका सचिव एवं प्रचार समितिका संयोजक पद्यमा अर्यालले उक्त लोगो पार्टीको इतिहास, आन्दोलन र संकल्पको कलात्मक रूप भएको बताउनुभयो। लोगोमा




राष्ट्रिय झन्डा, धरहरा, पाँच तल्ले दरबार, पार्टीको निर्वाचन चिन्ह आदिलाई बहुभाषिक रूपमा संयोजन गरिएको छ ।

कार्यक्रममा पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललगायत पदाधिकारीको उपस्थिति थियो । सोही अवसरमा महाधिवेशनकेन्द्रित जिङ्गल पनि सार्वजनिक गरियो । यही मङ्सिर २७ देखि २९ गतेसम्म काठमाडौंमा हुने महाधिवेशनका लागि यही मङ्सिर १३ गते मातहतका कमिटीमा प्रतिनिधि छनोट सकिएको छ ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४